# बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन
# सेरोफेरो
# SEROPHERO

अंक १७-२०८०।०८।१४ २०८० मंसिर+पौष


## Statement of patients flow for the month of Kartik 2080

| OPD | Total Reg | Fullow up Within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **1298** | **325** | **1623** |
| SPECIAL OPD | | | |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 1240 | 310 | 1550 |
| INTERNAL MEDICINE | 1896 | 474 | 2370 |
| OBSTETRICS & GYNAECOLOGY | 2239 | 560 | 2799 |
| SURGERY | 1701 | 425 | 2126 |
| CARDIOLOGY | 739 | 185 | 924 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 494 | 124 | 618 |
| PULMONARY,CRITICAL CARE & SLEEP MEDICINE | 224 | 56 | 280 |
| DENTAL | 1764 | 441 | 2205 |
| DERMATOLOGY & VENEREOLOGY | 2264 | 566 | 2830 |
| ENT OTORHINOLARYNGOLOGY & HEAD & NECK SURGERY | 1722 | 431 | 2153 |
| OPHTHALMOLOGY | 532 | 133 | 665 |
| ORTHOPAEDICS | 1910 | 478 | 2388 |
| PSYCHIATRY | 485 | 121 | 606 |
| OTHER DEPARTMENT in Midas software ( Came for Investigation purpose only) | 770 | 193 | 963 |
| CARDIO THORACIC AND VASCULAR SURGERY (CTVS) | 91 | 23 | 114 |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 38 | 10 | 48 |
| **Sub Total** | **18116** | **4529** | **22645** |
| EMERGENCY | | | |
| CENTRAL | 3959 | 0 | 3959 |
| GYNAE /OBSTETRICS | 914 | 0 | 914 |
| PAEDIATRIC | 1681 | 0 | 1681 |
| **Sub Total** | **6554** | 0 | **6554** |
| **Grand Total :** | **25968** | **4854** | **30822** |
| Paying (EHS) | 704 | | |
| Nepal Govt Social Insurance | 12141 | | |
| Other Scheme | 13123 | | |
| **Ward IPD** | **2376** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **195** | | |
| *NICU/PICU/MICU/Nursery* | **121** | | |
| *Dialysis* | **1300** | | |

***Source: Medical Record Section / Matron Office***

## Statement of patients flow for the month of Mangsir 2080

| OPD | Total Reg | Fullow up Within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **2485** | **621** | **3106** |
| SPECIAL OPD | | | |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 2547 | 637 | 3184 |
| INTERNAL MEDICINE | 6991 | 1748 | 8739 |
| OBSTETRICS & GYNAECOLOGY | 5265 | 1316 | 6581 |
| SURGERY | 4687 | 1172 | 5859 |
| CARDIOLOGY | 1670 | 418 | 2088 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1305 | 326 | 1631 |
| PULMONARY,CRITICAL CARE & SLEEP MEDICINE | 793 | 198 | 991 |
| DENTAL | 2690 | 673 | 3363 |
| DERMATOLOGY & VENEREOLOGY | 3880 | 970 | 4850 |
| ENT OTORHINOLARYNGOLOGY & HEAD & NECK SURGERY | 2966 | 742 | 3708 |
| OPHTHALMOLOGY | 1283 | 321 | 1604 |
| ORTHOPAEDICS | 4886 | 1222 | 6108 |
| PSYCHIATRY | 1746 | 437 | 2183 |
| OTHER DEPARTMENT in Midas software ( Came for Investigation purpose only) | 1129 | 282 | 1411 |
| CARDIO THORACIC AND VASCULAR SURGERY (CTVS) | 127 | 32 | 159 |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 31 | 8 | 39 |
| **Sub Total** | **41997** | **10499** | **52496** |
| EMERGENCY | | | |
| CENTRAL | 3594 | 0 | 3594 |
| GYNAE /OBSTETRICS | 1055 | 0 | 1055 |
| PAEDIATRIC | 1124 | 0 | 1124 |
| **Sub Total** | **5773** | 0 | **5773** |
| **Grand Total :** | **50255** | **11121** | **61376** |
| Paying (EHS) | 3030 | | |
| Nepal Govt Social Insurance | 25197 | | |
| Other Scheme | 21998 | | |
| **Ward IPD** | **3873** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **237** | | |
| *NICU/PICU/MICU/Nursery* | **131** | | |
| *Dialysis* | **1481** | | |

***Source: Medical Record Section / Matron Office***

## का.मु. उपकुलपतिबाट प्रतिष्ठानको Annual Report & Plan of Action पुस्तकको अनावरण



प्रतिष्ठानका का.मु. उपकुलपति प्रा.डा. प्रहलाद कार्कीले गत २०८० कार्तिक २३ गते उपकुलपति कार्यालयमा एक कार्यक्रम बिच प्रतिष्ठानको Annual Report 2079-080 & Plan of Action 2080-081 पुस्तकको अनावरण गर्नुभयो । उक्त कार्यक्रममा प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्मा लगायत Annual Report 2079-080 & Plan of Action 2080-081 Committee की संयोजक प्रा.डा.परिचा उपाध्याय तथा Committee का अन्य सदस्यहरुको उपस्थिती रहेको थियो ।

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउंदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं । सेरोफेरोको गत मंसिर महिनाको अंक विशेष कारणबस प्रकाशन हुन नसकेकोले यहाँहरु समक्ष क्षमाप्रार्थी छौं ।

- सूचना तथा सञ्चार केन्द्र

## विभिन्न विभागहरुमा विभागीय प्रमुख नियुक्त

प्रतिष्ठानको नियमावली, २०५५ को नियम २१.२ र मिति २०७२।४।२९ को संचालक परिषद्को ३८औं सभाको निर्णय बमोजिम कार्यकारिणी समितिको बैठक संख्या - ६०६, निर्णय नं. - ५२७७ मिति २०८०।०९।०४ को निर्णय बमोजिम प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाले विभिन्न विभागहरुमा विभागीय प्रमुखको नियुक्ती गर्नुभएको छ । यसक्रममा ई.एन.टी. विभागमा प्रा.डा.संगिता भण्डारी, पेडियाट्रिक्स विभागमा प्रा.डा.निशा केशरी भट्ट तथा सर्जरी विभागमा डा.सुरेश प्रसाद शाहलाई नियुक्त गरिएको छ । वहाँहरुको कार्यकाल २०८०।०९।०५ गते (तद्नुसार डिसेम्बर २१, २०२३) देखि ३ वर्षका लागि हुनेछ ।


यसभन्दा पहिले ई.एन.टी. विभागमा प्रा.डा.श्याम थापा क्षेत्री, पेडियाट्रिक्स विभागमा प्रा.डा.प्रकाश पौडेल तथा सर्जरी विभागमा प्रा.डा.राकेश कुमार गुप्ताले विभागीय प्रमुखको जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो । वहाँहरुले विभागीय प्रमुखको हैसियतले प्रतिष्ठानको बिकास बिस्तारमा पुऱ्याउनु भएको योगदानका लागि प्रतिष्ठानको तर्फबाट रजिष्ट्रारले धन्यवाद ज्ञापन गर्नुभएको छ ।

## प्रतिष्ठानमा नेपालकै पहिलो 3D Gait Analysis Lab स्थापना



जेनेभा यूनिभर्सिटी हस्पिटल्स्, स्वीट्जर्ल्याण्डको सहयोगमा प्रतिष्ठानको हाडजोर्नी विभागमा नेपालकै पहिलो 3D Gait Analysis Lab स्थापना भएको छ।

गत २०८० मंसिर १७ देखि ३ जना विशेषज्ञको टोली सो यूनिभर्सिटी हस्पिटल्स्बाट प्रतिष्ठानमा आई उक्त ल्याबको स्थापना गरी प्रतिष्ठानको जनशक्तिलाई सो सम्बन्धी तालिम प्रदान गरेका छन् । उक्त टोलीमा डा.जेराल्डो डिकुलन (बाल हाडजोर्नी विशेषज्ञ), प्रा.स्टिफेन आरमान्ड तथा एलिस बोनेफोइ रहनु भएको थियो ।



कतिपय मानिसहरुको Cerebral Palsy का कारण, विभिन्न शल्यकृयाका कारण वा अन्य हाडजोर्नी सम्बन्धी विभिन्न रोगका कारण हिडाईको चाल नमिल्ने, हिड्नमा कठिनाई हुनेहुन्छ । त्यस्ता मानिसहरुको हिडाई वा चाल ठिक गर्न यस Lab ले मद्दत गर्ने गर्छ ।

हिडाई वा चालमा समस्या तथा कठिनाई भएका त्यस्ता बिरामीहरुलाई ल्याबभित्र हिड्न लगाई त्यहाँ विभिन्न कोणमा जडान भएको उच्च प्रविधिका आठ वटा क्यामेराको मद्दतले सबै कोणबाट बिरामीको चालको भिडियो र ग्राफिक्सहरु लिएर उच्च प्रविधिको कम्प्यूटरमा पठाइन्छ । तत्पश्चात कम्प्यूटरले सो भिडियो तथा ग्राफिक्सहरुको विश्लेषण गरी समस्याको पहिचान गर्दछ । सोही आधारमा विशेषज्ञहरुबाट बिरामीको उपचार गर्ने गरिन्छ ।

उक्त उपचार विधि सम्बन्धी तालिममा हाडजोर्नी विभागका एसिस्टेन्ट प्रोफेसरद्वय डा. आशिष पाण्डे र डा. अमित लिम्बूका साथै अर्थोटिष्ट/ प्रोस्थेटिष्ट श्री अमन श्रेष्ठ तथा फिजियोथेरापिष्ट श्री मुजाहिद हुसैन सहभागी हुनुहुन्थ्यो । बिरामीले उपचार सुविधा लिन चाहेमा प्रतिष्ठानको हाडजोर्नी विभाग वा ओ.पी.डी.मा सम्पर्क गर्न सकिनेछ भने भविष्यमा छुट्टै गेट क्लिनिक संचालन गर्ने विभागको योजना रहेको छ ।

## अस्पताल फार्मेसी सु-संचालनार्थ समितिहरु गठन

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीति अनुरुप स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयमा दक्ष जनशक्ती मार्फत अस्पतालबाट आफ्नै फार्मेसी संचालन गरी बिरामी एवम् सेवाग्राहीहरुलाई सुलभ एवम् गुणस्तरिय सेवा पुऱ्याउने उद्देश्यले, प्रतिष्ठानमा संचालनमा रहेको अस्पताल फार्मेसीमा औषधी तथा औषधीजन्य पदार्थ वा सामाग्रीहरुबाट दिइने सेवालाई अझ बढी व्यवस्थित तथा प्रभावकारी बनाउन, प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाले फर्माकोलोजी विभागका प्रमुख प्रा.डा.गजेन्द्र प्रसाद रौनियारको अध्यक्षतामा १२ सदस्यीय अस्पताल फार्मेसी तथा थेराप्युटिक समितिको गठन गर्नुभएको छ । प्रतिष्ठानको अस्पताल फार्मेसीका प्रमुख सदस्य सचिव रहने उक्त समितिका अन्य सदस्यहरुमा एनेस्थेसिया एण्ड क्रिटिकल केयर विभाग, इन्टर्नल मेडिसिन विभाग, सर्जरी विभाग, सि.टी.भि.एस. विभाग, स्त्री रोग तथा प्रसुती विभाग, जेनेरल प्राक्टिस तथा इमर्जेन्सी मेडिसिन विभाग, अर्थोपेडिक्स विभागका विभागीय प्रमुखहरु रहनुका साथै मेट्रोन, अस्पताल प्रशासन महाशाखा प्रमुख, आर्थिक प्रशासन महाशाखा प्रमुख रहनु भएको छ । उक्त समितिको कार्यकाल मिति २०८०।०८।२० गतेदेखि एक वर्षका लागि हुनेछ भने समितिको काम, कर्तब्य र अधिकार अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ । समितिले आवश्यकता अनुसार अन्य विभागका प्रमुख र विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ भने प्रतिष्ठानको अस्पताल

निर्देशकले अस्पताल फार्मेसीको संचालनको रेखदेख, नियन्त्रण र अनुगमन गर्न सक्नुहुनेछ ।

त्यसैगरी, फार्मेसी सेवालाई अझ चुस्त दुरुस्त एवम् प्रभावकारी रुपमा संचालन गर्नका लागि आवश्यक कार्यहरु गर्न फर्माकोलोजी विभागका एसोसिएट प्रोफेसर डा.दीपेन्द्र प्रसाद सर्राफको संयोजकत्वमा ४ सदस्यीय फार्मेसी संचालन, व्यवस्थापन तथा अनुगमन समिति गठन गरिएको छ । समितिका अन्य सदस्यहरुमा आर्थिक प्रशासन महाशाखा प्रमुख, खरिद महाशाखा प्रमुख तथा सदस्य सचिवमा श्री लक्ष्मण महर्जन (प्रमुख, फार्मेसी शाखा) रहनु भएको छ । समितिको काम, कर्त्तब्य र अधिकार फार्मेसी सेवा निर्देशिका, २०७२ र तोके बमोजिम हुनेछ भने समितिको कार्यकाल मिति २०८०।०९।०६ गतेदेखि १ वर्षका लागि हुनेछ ।

## सर्पदंशको व्यवस्थापन तथा उपचार सम्बन्धी तालिम सम्पन्न



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको आयोजना, प्रदेश स्वास्थ्य तालिम केन्द्रको समन्वय तथा FAIRMED Foundation Nepal को सहयोगमा प्रतिष्ठानको Health Professions Education (HPE) विभागको तालिम हलमा सर्पदंश व्यवस्थापन तथा उपचार (Snake bite management and treatment) सम्बन्धी २ दिने तालिम सम्पन्न भएको छ । गत २०८० मंसिर २७ र २८ मा सम्पन्न उक्त तालिममा कोशी प्रदेश, मधेश प्रदेश तथा लुम्बिनी प्रदेशका विभिन्न सर्पदंश केन्द्र तथा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, पारामेडिक्स तथा नर्सिङ्ग कर्मचारीहरु गरी २० जनाले उक्त तालिम प्राप्त गरेका थिए ।



तालिममा नेपाल तथा विश्वमा नै सर्पदंशले पुऱ्याउने गरेको क्षती र सो को न्यूनिकरणका लागि चालिदै आएका कदमहरुका बारेमा अवगत गराइएको थियो ।

त्यसैगरी बिरामीलाई कस्तो प्रजातीको सर्पले टोकेको हो सो कुरा बिरामीको लक्षण हेरेर कसरी पत्ता लगाउने, कुन प्रजातीको सर्पले टोकेको बिरामीका लागि कस्तो प्रकारको प्राथामिक उपचार तथा अस्पतालमा कस्तो प्रकारको उपचार विधि अपनाउने, उपचार पश्चात बिरामीको स्वास्थ्यमा देखिन सक्ने जटिलता र सो को व्यवस्थापन कसरी गर्ने आदि जस्ता विषयमा प्रस्तुतीकरण, सामुहिक छलफल तथा डेमोन्स्ट्रेशनबाट तालिम दिइएको थियो ।

तालिममा सहजकर्ताको भूमिकामा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तर्फबाट डा. हेमन्त चन्द्र ओझा तथा डा. मिलन बज्राचार्य रहनु भएको थियो भने प्रतिष्ठानका तर्फबाट प्रा.डा. बालकृष्ण भट्टराई तथा डा. भूपेन्द्र शाह रहनुका साथै प्रा.डा. संजिव कुमार शर्माले सहजकर्ता तथा सम्पूर्ण तालिमको नेतृत्व गर्नुभएको थियो । तालिममा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, FAIRMED Foundation Nepal, प्रदेश स्वास्थ्य तालिम केन्द्रका प्रतिनिधीहरुको पनि सहभागिता रहेको थियो ।

तालिममा सबै सहभागीहरुले उत्साहपूर्वक भाग लिनुका साथै तालिमको प्रभावकारिता बारे सकारात्मक प्रतिकृया दिएका थिए ।

## अनुगमन टोली गठन

प्रतिष्ठानको विद्युत, खानेपानी, सुरक्षा, सरसफाई र मर्मतसंभार आदिको उचित प्रबन्ध एवम् संचालन सूचारु रुपमा भए/नभएको अनुगमन गरी केही समस्या देखिए पदाधिकारी एवम् सम्बन्धितहरुमा सुझाव सहित जानकारी गराउनका लागी प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाले इलेक्ट्रिकल इन्जिनियरिङ्ग शाखाका प्रमुख श्री नेत्र बहादुर खड्काको संयोजकत्वमा एक अनुगमन टोली गठन गर्नु भएकोछ । टोलीको अन्य सदस्यहरुमा शैक्षिक प्रशासन महाशाखाका डेपुटी मेनेजर श्री सागर कुमार ताम्राकार, सिभिल इन्जिनियरिङ्ग शाखाका अधिकृत (सिभिल इन्जिनियरिङ्ग) श्री विकास बस्याल, अस्पताल प्रशासन महाशाखाका शाखा अधिकृत श्री मोहन कुमार राई, अस्पताल प्रशासन महाशाखाका सि.एडमिनिष्ट्रेटिभ एसिष्टेन्ट श्री महेश्वर राई रहनु भएकोछ ।

## आवास व्यवस्थापन समिति गठन

प्रतिष्ठानमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको आवास व्यवस्थापनका लागि रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाले फिजियोलोजी विभागका प्रमुख प्रा.डा.दिलिप ठाकुरको संयोजकत्वमा नयाँ आवास व्यवस्थापन समितिको गठन गर्नुभएको छ । सामान्य प्रशासन शाखाका प्रमुख सदस्य-सचिव रहने ९ सदस्यीय उक्त समितिका अन्य सदस्यहरुमा श्री मेट्रोन (नर्सिङ्ग सर्भिस), डा.दिपक पौडेल (एसोसिएट प्रोफेसर, ई.एन.टी. विभाग), डा.गजेन्द्र विराजी ( एसिस्टेन्ट प्रोफेसर, पेडोडोन्टिक्स विभाग), श्री राज किशोर चौधरी (डेपुटी चिफ टेक्नोलाजिष्ट, ल्याब), श्री कृति चौधरी (एसिस्टेन्ट प्रोफेसर, मेटर्नल हेल्थ नर्सिङ्ग विभाग), शिक्षक कल्याण समाजका अध्यक्ष तथा कर्मचारी कल्याण समाजका अध्यक्ष रहनु भएको छ । समितिको कार्यकाल २०८०।०९।०६ गतेदेखि १ (एक) वर्षका लागि हुनेछ ।

उक्त समितिले प्रतिष्ठानको कार्यकारिणी समितिबाट आवास सम्बन्धी पारित नीति/निर्णयहरु प्रभावकारी रुपमा

कार्यान्वयन गर्ने/गराउने कार्य गर्दछ । यसका साथै, उक्त समितिलाई आवास सम्बन्धी पूर्व नीति, निर्णयहरुमा संशोधन परिमार्जन गर्न आवश्यक देखिएमा नीति तर्जुमाका लागि प्रस्ताव तैयार गरी पेश गर्ने, आवास वितरण गर्दा निर्धारित नीति नियमको अधिनमा रही पारदर्शिता अपनाउने, आवासहरुको अभिलेख अद्यावधिक गर्ने जस्ता जिम्मेवारी दिइएको छ ।

यसभन्दा पहिलेको आवास व्यवस्थापन समितिको संयोजकमा एनाटोमी विभागका प्रमुख डा.शमशेर श्रेष्ठ रहनु भएको थियो । वहाँको कार्यकाल २०८० असोज ३० गतेसम्म रहेको थियो ।

## प्रतिष्ठानको बील काउण्टरमा सेवाग्राहीका लागि टोकन सेवा शुरु



प्रतिष्ठानको SOPD भवनमा रहेको नगद बिल काउण्टरमा मिति २०८० मंसिर १२ गतेदेखि टोकन सेवाको शुरुवात गरिएको छ । उक्त कार्यका लागि सनराइज बैंक लिमिटेडले २ थान अटोमेटेड टोकन मेसिन, १० थान कल प्याड तथा १० थान लेड इन्डिकेटर प्यानल निःशुल्क रुपमा उपलब्ध गराएको छ भने मेसिन संचालनका लागि आवश्यक जनशक्ति तथा अन्य संचालन/मसलन्द, मर्मत खर्च प्रतिष्ठानले नै व्यवस्था गरेको छ । उक्त सेवामा सेवाग्राहीलाई बिल काउण्टरको बाहिरपट्टि छेवैमा रहेको हेल्प डेस्कमा राखिएको टोकन मेसिनको मद्दतबाट टोकन उपलब्ध गराइन्छ । टोकनमा छापिएको नम्बर बिल काउण्टर माथिको स्किनमा देखिएपछि बिल काउण्टरमा गई सहज रुपमा शुल्क तिर्न सकिनेछ । स्किनमा आफ्नो टोकनमा भएको नम्बर देखा नपरुन्जेल सम्म सेवाग्राहीले त्यहाँ प्रतिष्ठानबाट व्यवस्था गरिएको कुर्सीमा बिश्राम गरी आफ्नो पालो पर्खन सक्नेछन् । उक्त सेवाको शुरुवात पश्चात चिकित्सकले सुझाव गरेको परिक्षणहरुको शुल्क तिर्न लामो समय लाइनमा उभिएर खेप्नु परेको सास्तीबाट सेवाग्राहीलाई राहत मिलेको छ । हाललाई SOPD भवनमा रहेको ५ वटा बिल काउण्टरमा यो सेवा उपलब्ध गराइएकोछ भने भविष्यमा अन्य बिल काउण्टरबाट समेत यो सेवा उपलब्ध गराउने प्रतिष्ठानको योजना रहेकोछ ।

## केन्द्रिय पुस्तकालयमा नयाँ पुस्तकहरु थप



प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीहरुका लागि प्रतिष्ठानबाट उपलब्ध गराइने सुविधाहरुमध्ये महत्वपूर्णरुपमा रहेको प्रतिष्ठानको केन्द्रिय पुस्तकालयमा नयाँ संस्करणका पुस्तकहरु थप गरिएको छ । प्रतिष्ठानको विद्यार्थी कल्याण समाजले तयार पारेको विभिन्न संकायका नयाँ तथा अद्यावधिक संस्करणका पुस्तकसूचीका आधारमा पुस्तकालय समितिले सिफारिश गरेको ८७ पुस्तक मध्ये हाल ४६ पुस्तक केन्द्रिय केन्द्रिय पुस्तकालयमा उपलब्ध छ भने बाँकी पुस्तक छिट्टै नै उपलब्ध हुने छ । यस कार्यमा प्रातिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माको मार्गदर्शन तथा सहयोगका लागि विद्यार्थी कल्याण समाजले धन्यवाद ज्ञापन गरेको छ ।

त्यसैगरी, विद्यार्थीहरुको सुविधालाई मध्यनजर गर्दै विद्यार्थी कल्याण समाजको अनुरोधमा का.मु.उपकुलपति प्रा.डा. प्रहलाद कार्कीको विशेष निर्देशनमा पुस्तकालयमा ३ थान कुलर पनि जडान गरिएको छ । यसका लागि उपकुलपति, शैक्षिक डीन प्रा.डा.शिवेन्द्र झा तथा केन्द्रिय पुस्तकालय परिवारलाई विद्यार्थी कल्याण समाजले विशेष धन्यवाद ज्ञापन गरेको छ ।

### ALUMNI OF BPKIHS

## डा.संजय कुमार यादव : एक परिचय



डा.संजय कुमार यादव प्रतिष्ठानको एम.बि.बि.एस. २००३ ब्याचका विद्यार्थी हुन् । डा.यादवले भारतको नयाँ दिल्ली स्थित All India Institute of Medical Science (AIIMS) बाट जेनेरल सर्जरी विषयमा स्नातकोत्तर (सन् २०१०-२०१२) गर्नुका साथै Medanta, The Medicity बाट Senior Liver Transplant विषयमा १ वर्षे Fellowship र Hepatobiliary and Liver Transplant विषयमा २ वर्षे Fellowship गर्नुभएको छ ।

हाल वहाँ भारतको नयाँ दिल्ली स्थित Narayan Super-speciality Hospital को HBP and Liver Transplant Surgery विभागमा Consultant Surgeon का रुपमा कार्यरत हुनुहुन्छ । यसका साथै वहाँले Medanta Institute of Liver Transplantation and Regenerative Medicine, Medanta, The Medicity मा HPB and Liver Transplantation विभागमा Associate Consultant का रुपमा ३ वर्ष र Consultant का रुपमा १ वर्ष कार्य गरिसक्नुभएको छ भने नेपालको भरतपुर स्थित चितवन मेडिकल कलेजमा सर्जरी विभागको Associate Professor तथा Liver Transplantation Unit को प्रमुखको हैसियतले समेत कार्य गरिसक्नुभएको छ । वहाँकै सकृयतामा सो मेडिकल कलेजमा HPB & Liver Transplant Unit को स्थापना भएको हो । त्यहाँ कार्यरत रहदै गर्दा वहाँले ६ जना बिरामीको Living Donor Liver Transplant गर्नुभएको थियो । भविष्यमा नेपाललाई Liver Transplant को क्षेत्रमा आत्मा निर्भर बनाउने तथा Brain Death Organ Donations कार्यलाई प्रवर्द्धन गर्ने उदेश्य राख्नुभएको डा. यादवले आफ्नो हालसम्मको १० वर्षे कार्यकालमा एक हजार भन्दा बढी Liver Transplant Surgery गरिसक्नु भएको छ ।

डा. यादवले स्वास्थ्य क्षेत्रमा पुर्‍याउनु भएको योगदानका कारण विभिन्न संघ/संस्थाबाट सम्मानित हुनका साथै राष्ट्रिय/अन्तरराष्ट्रिय जर्नलमा वहाँको लेखहरु प्रकाशन भएको छ । यसरी वहाँले राष्ट्रिय/अन्तर्राष्ट्रिय मन्चमा वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समेत ख्याति फैलाएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।

## Paying OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Psychiatry | Dr.Sanjeev Kumar Mishra | Dr.Suren Limbu | Prof.Dr.Dhana Ratna Shakya | Dr.Suraj Nepal | Dr. Madhur Basnet | |
| Orthopaedics | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Pashupati Chaudhary | Prof.Dr.Bikram P. Shrestha | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Bikram P. Shrestha | Dr.Rajiv Maharjan |
| | Dr.Bishnu Pokhrel | Dr.Prosan P. Shah Kalawar | Dr.Rajiv Maharjan | Dr.Bishnu Pokhrel | Dr.Rosan P. Shaha Kalawar | Dr.Amit Limbu |
| | Dr.Amit Bikram Shah | Dr.Jitendra Shah | Dr.Amit Limbu | Dr.Amit Bikram Shah | Dr.Jitendra Shah | Dr.Yam Bahadur Gurung |
| | Dr.Ashish Pandey | | Dr.Yam Bahadur Gurung | Dr.Ashish Pandey | | |
| Internal Medicine | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah |
| | | Dr.Bhupendra Shah | | | Dr.Bhupendra Shah | |
| Cardiology | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey |
| Gastroenterology | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya |
| Pulmonary, Critical Care and Sleep Medicine | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra |
| General Surgery | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | =Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle |
| GI Surgery | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary |
| | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo |
| CTVS | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal |
| | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah |
| ENT | Dr.Shankar P. Sah | Dr.Sudeep Mishra | Dr.Deepak Paudel | Dr.Paras Raj Amatya | Dr.Shyam Thapa Chettri | |
| Dertamatology | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | |
| GP & Emergency Medicine | Dr.Rajani Giri | Dr.Rabin Bhandari | Dr.Rabin Bhandari | Dr.Ashok Yadav | Dr.Ajay K. Yadav | |
| | Dr.Ajay K. Yadav | Dr.Masum Paudel | Dr.Masum Paudel | Dr.Pramendra P. Gupta | Dr.Ritesh Chaudhary | |
| | Dr.Ritesh Chaudhary | Dr.Ashok Yadav | Dr.Rajani Giri | Dr.Bajaya Devi Aryal | Dr.Vijay K. Shrivastaw | |
| | Dr.Bijaya Devi Aryal | Dr.Pramendra P. Gupta | Dr.Vijaya K. Shrivastaw | | | |
| Obstetrics & Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Achala Thakur | Dr.Achala Thakur | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa |
| | Dr.Punita Yadav | Dr.Manoj Kumar Sah | Dr.Surya Psd. Rimal | Dr.Jyotsna Yadav | Dr.Ramesh Shrestha | |
| Paediatrics | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta |

## OT Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Dr.Shailesh Mani Pokharel | Prof.Dr. Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju | Dr.Santosh Chaudhary | Prof.Dr.Poonam Lavaju |
| | Dr.Santosh Chaudhary | Dr.Sangita Shah | | Dr.Shailesh Mani Pokharel | | Dr.Sangita Shah |
| Orthopedics | TEAM – C | | TEAM – B | | TEAM - A | |
| | Prof.Dr.Bikram Psd. Shrestha | | Prof.Dr.Pashupati Chaudhary | | Prof.Dr.Guru Prasad Khanal | |
| | Dr.Rajiv Maharjan | Rotation | Dr.Rosa Prasad Shah Kalawar | Rotation | Dr.Bishnu Pokharel | Rotation |
| | Dr.Amit Limbu | | Dr. Jitendra Shah | | Dr.Amit Bikram Shah | |
| | Dr.Yam Bahadur Gurung | | | | Dr.Ashish Pandey | |
| General Surgery | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | |
| | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | |
| | Dr.Rajesh Psd. Sah | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | |
| | Dr. Abhijeet Kumar | Dr.Nirmal Psd. Sah | Dr.Bhawani Khanal | Dr.Nirmal Psd. Sah | Dr.Alok Dahal | |
| | Dr.Bhawani Khanal | Dr.Vijay Shrestha | Dr.Samir Chaudhary | Dr.Vijay Shrestha | Dr.Bhawani Khanal | |
| | Dr.Samir Chaudhary | | | | Dr.Samir Chaudhary | |
| GI Surgery | | Prof.Dr.Shailesh Adhikary | | Prof.Dr.Shailesh Adhikary | | |
| | | Dr.Kunal Bikram Deo | | Dr.Kunal Bikram Deo | | |
| CTVS | | Dr.Lokesh S, Jaiswal | | Dr.Lokesh S. Jaiswal | | |
| | | Dr.Bijay Sah | | Dr.Bijay Sah | | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Shyam Thapa Chettri |
| | Dr.Deepak Paudel | Dr.Deepak Paudel | Dr.Shankar Psd. Shah | Dr.Shankar Psd. Shah | Dr.Deepak Paudel | Dr.Shankar Psd. Shah |
| | Dr.Paras Raj Amatya | Dr.Paras Raj Amatya | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra | Dr.Paras Raj Amatya | Dr.Sudeep Mishra |
| Dermatology& Venerology | Dr.Nidhi Shah | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal | Dr.Prajwal Pandey | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal |
| Obstetrics &Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Baburam Dixit Thapa | Dr.Achala Thakur | |
| | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Tulasa Basnet | | |
| | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | | | |

*Source: Hospital Administration/Concerned Departments*

## OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Shailesh Mani Pokharel | Dr. Sangita Shah | Dr. Santosh Chaudhary | Prof. Dr. Poonam Lavaju | Dr. Santosh Chaudhary |
| | Dr. Sangita Shah | Dr. Santosh Chaudhary | Dr. Shailesh Mani Pokharel | | Dr. Sangita Shah | |
| | | | | | Dr. Shailesh Mani Pokharel | |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Madhur Basnet | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr.Sanjeev Kumar Mishra | Dr. Suraj Nepal |
| | Dr. Suren Limbu | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr.Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| | Dr. Rajesh Kumar (Psychologist) | | | | | |
| Orthopedics | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Pashupati Chaudhary | Prof.Dr.Bikram Prasad. Shrestha | Prof.Dr.Guru Prasad Khanal | Prof.Dr.Pashupati Chaudhary | Prof.Dr.Bikram Prasad Shrestha |
| | Prof.Dr.Raju Rijal | Dr.Rosan Prasad Shah Kalawar | Dr.Rajiv Maharjan | Prof.Dr.Raju Rijal | Dr.Prosan Prasad. Shah Kalawar | Dr.Rajiv Maharjan |
| | Dr.Bishnu Pokhrel | Dr.Jitendra Shah | Dr.Amit Limbu | Dr.Bishnu Pokhrel | Dr.Jitendra Shah | Dr.Amit Limbu |
| | Dr.Pramod Baral | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah | Dr.Pramod Baral | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah |
| | Dr.Ashish Pandey | | | Dr.Ashish Pandey | | |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhupendra Shah | | Dr. Bhupendra Shah | | | |
| Cardiology | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| Gastroenterology& Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Sandip Bajracharya | | | Dr. Sandip Bajracharya | |
| Pulmonology,Critical Care and Sleep Medicine | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | Dr. Deebya Raj Mishra | | Dr. Deebya Raj Mishra | | | Dr. Rejina Shahi |
| | Dr.Rejina Shahi | | Dr. Rejina Shahi | | | |
| | Dr.avatar Verma | | Dr.Avatar Verma | | | |
| General Surgery | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah |
| | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar |
| | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle |
| GI Surgery | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| CTVS | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya |
| Dertamatology& Venerology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| General Practice& Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics &Gynaecology | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dixit) Thapa | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| Pediatrics& Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Prof. Dr. Gauri S. Shah | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shipra Chaudhary | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | Dr. Mukesh Bhatta | Dr. Shankar Prasad Yadav | | | | Dr. Arun K. Singh |

***Source : Hospital Administration/Concerned Departments***

### Status of Operations done in Kartik/Mangsir - 2080

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| | Kartik/Mangsir | | Kartik/Mangsir | | Kartik/Mangsir | | |
| Routine | 0/298 | 0/414 | 0/122 | 0/65 | 0/12 | 0/20 | 0/931 |
| Obst. & Gynae | 313/418 | 5./36 | 6./4 | 0 | 40/85 | 3./16 | 367/559 |
| Emergency | 103/121 | 0 | 21/19 | 0 | 4./8 | 0 | 128/148 |
| Day Care | 0 | 0 | 5./18 | 0/23 | 16/39 | 4./71 | 25/151 |
| Derma * | 37/81 | 5./27 | 215/388 | 15/58 | 127/266 | 14/49 | 413/869 |
| **Total** | **453/918** | **10/477** | **247/551** | **15/146** | **187/410** | **21/156** | **933/2658** |

General OT : 887/1879 — *Number of safe abortion care service done : 21/28*

Paying OT: 46/779 — *Number of cases done in Cardiac Catheterization Laboratory: 79/170*

** Asthetic procedures included in minor: 31/69*

***Source: Matron Office***

## सम्पादन समूह

डा.अन्जु प्रधान, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
दिब्यराज थापा, शाखा अधिकृत
संजय खनाल, सि.एडमिनिस्ट्रिटिभ एसिस्टेन्ट
निरज पोखेल, सिनियर क्लर्क
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२

info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu